# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०६।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

--------------------------------------------------------------

नेपाल विद्युत प्राधिकरण, काठमाडौं उत्तर वितरण केन्द्र बुढानीलकण्ठ, उपकेन्द्र बुढानीलकण्ठमा कार्यरत इलेक्ट्रिसियन(तेस्रो तह) का कृष्णप्रसाद शर्माले घरमा नयाँ मिटर जडान गर्ने क्रममा सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.२०,०००।-(बीस हजार) घुस रकम लिइसकेको अवस्थामा निजको कार्यालय अगाडि रहेको चियापसलबाट आज मिति २०७५।०६।१४ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता